# कोरोना भाइरस संक्रमण रोक्न गरिएको तयारीसम्बन्धी प्रारम्भिक प्रतिवेदन

## परिचय

गत डिसेम्बरबाट सङ्क्रमण फैलिएको भए पनि जनवरी १० मा चीनमा सबैभन्दा पहिलो घटना अभिलेखित कोरोना भाइरसको महामारी विश्वभर फैलँदो छ । अहिले विश्वमा ७ लाख ५० हजारको हाराहारीमा मानिस पीडित भएका छन् । ३५ हजारभन्दा बढीको ज्यान गइसकेको छ । कोरोना भाइरसको महामारीबाट उत्पन्न जटिल अवस्थाको कारण सिङ्गो विश्व इतिहासकै सर्वाधिक कठिन मोडमा आइपुगेको छ । जनस्वास्थ्यका हिसाबले यो इतिहासकै कठिन मोड हो । विश्वका एकाधबाहेक सबै मुलुकहरू यस महामारीबाट आक्रान्त भएका छन् ।

नेपालमा भने अहिलेसम्म पाँच जनामा यो सङ्क्रमण देखिएको र एक जना उपचार पछि निको भइसकेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । यसो भन्दैमा यहाँ सो सङ्क्रमणको खतरा छैन भन्न मिल्दैन । त्यसै हुनाले ०७६ चैत ११ गतेबाट एक साताका लागि लगाइएको लकडाउनको समयावधि थप गरी चैत २५ गतेसम्म पुऱ्याइएको छ ।[1]

यो प्रतिवेदनमा विद्यमान मानव अधिकार तथा स्वास्थ्यसँग सम्बन्धित ऐन कानुन तथा कोरोना भाइरससम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ सँग सम्बन्धित विषयको पालना र कार्यान्वयनलाई थप मजबुद बनाउन नागरिक सङ्गठनका तर्फबाट थप सहयोग पुगोस् भनी तथ्य र तथ्याङ्क समावेश गरिएको छ । हालै जारी कोरोना भाइरससम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ मा शङ्कास्पद व्यक्तिालाई कम्तीमा १४ देखि १७ दिनसम्म सुरक्षित तरिकाले राख्नुपर्ने उल्लेख गरिएको छ ।[2] कोरोना भाइरस टेस्ट गर्ने किट आज सबै प्रदेश राजधानीमा पुऱ्याइएको, ४१ हजार मानिसको परीक्षण गर्नुपर्ने र उनीहरुको सूची तयार पारिएको सरकारले जनाएको छ ।

## अवस्था

कोरोनाको महामारी अन्य मुलुकहरूमा भन्दापछि मात्रै दक्षिण एशियाली मुलुकमा आएकाले तयारीको यथेष्ट समय थियो । नेपाल सरकारले स्रोत र साधनले भ्याएसम्म तयारी गरेको जनाउँदै पनि आएको छ । यति हुँदाहुँदै पनि सातै प्रदेशमा पीपीइ (पर्सनल प्रोटेक्ट इक्वीपमेण्ट) को अभाव रहेको छ । क्वारेन्टाइन र आइसोलेशन बेडको व्यवस्था गरिएको भए पनि जनशक्ति र आवश्यक सामग्री (अक्सिजन, मेशिन, किटलगायत) को अभाव रहेको पाइयो । लकडाउन अघि केही सचेतनामूलक कार्यक्रमहरू गरिएको भए पनि त्यस यता भने त्यस्ता कार्यक्रम गरिएको छैन । रेडियो, टेलिभिजनबाट प्रशारण हुने सामग्री नै अहिले सचेतनाका मुख्य माध्यम बनेका छन् । लकडाउनको पालनामा कहीँकतै उल्लङ्घन हुँदा प्रहरीले उल्लङ्घनकर्तालाई गिरफ्तार गरी सम्झाइबुझाइ गर्ने गरेको छ । स्थानीय सरकारहरूले उनीहरूका लागि केन्द्रित कार्यक्रम सार्वजनिक गरेका छन् । तर, कार्यान्वयन पक्ष दर्बिलो छैन ।

### प्रदेशगत आधारमा तथ्याङ्क

| प्रदेश | विदेशबाट हालसालै फर्केकाको सङ्ख्या | विदेशबाट आएपछि सम्पर्कमा रहेका | आइसोलेशन बेड | क्वारेन्टाइन क्षमता | क्वारेन्टाइनमा राखिएकाको सङ्ख्या |
|---|---|---|---|---|---|
| **१** | उपलब्ध भएन | ३१० | ३२५ | ३,४१२ | ५३४ |
| **२** | ६८ | ४४ | २५८ | २, ५४७ | २७१ |
| **बागमती** | २,३७२ | उपलब्ध भएन | ६,२८० | १७,६५९ | ६२८ |
| **गण्डकी** | २,८०८ | उपलब्ध भएन | ३५५ | २,२६५ | ५८२ |
| **५** | उपलब्ध भएन | उपलब्ध भएन | ३२७ | २,००५ | ५३० |
| **कर्णाली** | ८,५४१ | उपलब्ध भएन | १७२ | ३,१३४ | ४८४ |
| **सुदूरपश्चिम** | १३,५१५ | उपलब्ध भएन | १६५ | ३,२२३ | १,०२३ |

[1] https://bit.ly/3axMkFv
[2] https://bit.ly/39vh0WH

**समस्या**

क्वारेन्टाइनमा डाक्टर र नर्सका लागि आवश्यक पीपीइ र किटलगायत सामग्रीको अभाव छ । स्वास्थकर्मीलाई पीपीइ लगायतका खाने बस्ने सुविधा बन्दोबस्त भएको पाइएन । आइसोलेसन वार्डहरुमा अक्सिजनको समस्या रहेको, उपचारको लागि मेशिन उपलब्ध नभएको, सेनिटाइजरको अभाव रहेको र तापक्रम जाँच्ने मेशिनको धेरै जिल्लामा अभाव देखियो । ल्यावको अभाव देखियो । सङ्क्रमण भएका र सङ्क्रमण नभएकालाई एकै ठाउँमा राख्ने गरिएको छ । स्वास्थ्यकर्मी र सङ्क्रमणमा परेका बिरामीले लगाउने व्यक्तिगत सुरक्षा सामग्री छैन ।

नीजि मात्रै होइन, सरकारी अस्पतालले समेत अहिले कोरोना भाइरस लागेका सम्भावित लक्षण देखिने बिरामीहरुलाई भर्ना लिने गरेको छैनन् । सामान्य रुघाखोकी र ज्वरो लाग्दासमेत काठमाडौँको टेकुस्थित सरुवा अस्पतालमा रेफर गर्ने गरिएको छ । धनुषाको जनकपुरस्थित गोदावरी मोडर्न अस्पतालमा फागन् १४ गते मुटुमा समस्या भई श्वासप्रश्वासमा समस्या भएकाले विरामीलाई कोरोनाको लक्षण भन्दै रेफर गरेका छन् । ती विरामीको प्रादेशिक अस्पताल जनकपुरले समेत भर्ना गर्न मानेन । नीजि अस्पतालले ज्वरो आएको मान्छेको उपचार होइन भित्र छिर्न समेत दिने गरेको छैन । गत शनिबार बारामा खुट्टा काटिएर घाइते भएका एकजनाको स्थानीय अस्पतालले उपचार नगर्दा काठमाडौँ लैजाँदै गर्दा बाटैमा मृत्यु भयो ।

क्वारेन्टाइन तयार गरिएका भए पनि क्वारेन्टाइनमा चाहिने आवश्यक सुविधाहरु भएको पाइएन । क्वारेन्टाइनमा बसेका व्यक्तिहरुलाई गरिने व्यवहार सम्मानजनक नभएको गुनासो रहेको पाइयो । विद्यालयमा तयार गरिएका क्वारेन्टाइनहरुमा बस्नको समेत उचित व्यवस्था भएको पाइएन । अधिकांश क्वारेन्टाइनमा डाक्टरहरु छैनन् । क्वारेन्टाइनमा खटिएका स्वास्थ्यकर्मीलाई आवश्यक सुरक्षाका सामाग्रीहरु समेत छैनन् । कतिपय क्वारेन्टाइनमा पर्याप्त बेडको व्यवस्था नहुँदा भुइँमा सुत्नुपरेको अवस्था छ ।

क्वारेन्टाइनमा राखिएका व्यक्तिहरुका लागि खान,बस्नको व्यवस्था गरिएको भए पनि कतिपय क्वारेन्टाइनमा विद्युत सुविधा नभएको,पुरुष र महिलाका लागि अलग्गै शौचालयको व्यवस्था नगरिएको,कतिपय क्वारेन्टाइनमा सञ्चार सुविधाको अभाव रहेको र प्रयाप्त मात्रामा वेड नभएका कारण भुइमा सुत्नु परेको पाइएको छ । प्रदेश सरकार र स्थानीय सरकारले तयार गरेका क्वारेन्टाइनहरुलाई क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७६ अनुसार सुविधा उपलब्ध गराउनु पर्ने देखिएको छ ।

औषधि, खाधान्न, तरकारीको सहज आपूर्ति भइरहेको पाइएको छ । खाना पकाउने ग्याँसको अभाव देखिएको छ । सरकारले पर्याप्त आपूर्ति रहेको बताइरहँदा व्यापारीको मिलेमतोमा आधा सिलिण्डर ग्याँस बजारमा पठाइएको छ र यसमा सरकार मुकदर्शक भएको छ ।

- हालसम्म कर्णाली प्रदेशबाट पठाइएका १७ जनाको नमूनामा सबैको नतिजा नेगेटिभ पाइएको छ ।
- कर्णाली प्रदेशमा आइसोलेसन, आइसीयू र भेन्टिलेटरको अभाव रहेको छ । यस प्रदेशमा करोना परीक्षण ल्याव समेत हालसम्म छैन ।
- जुम्लास्थित प्रतिष्ठानको अस्पतालमा चार दिनदेखि उपचार गराई रहेका दुई जनाको स्वाब परीक्षणका लागि पठाउन सकिएको छैन ।
- दार्चुला जिल्लाको भारतीय सिमाना धारचुलामा १ हजारको संख्याका नेपाली नेपाल प्रवेशको प्रतीक्षामा छन् ।
- सुनौली,गौरीफन्टा, बनवासा, जोगबनीलगायतका नाकाबाट नेपाल भित्रन चाहाने नेपालीको संख्या ठूलो रहेको र उनीहरुलाई खान समस्या भएको पाइएको छ ।

**निष्कर्ष**

नेपाल सरकारले २०७६ चैत ११ गतेदेखि देशैभरि लक डाउन जारी रहेको छ । सरकारले घोषणा गरेको लक डाउनको सबै पक्षले चौतर्फी रुपमा सहयोग गरेको पाइन्छ । लक डाउनका क्रममा सीमा नाका बन्द गरिनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडान, यातायात, क्याम्पस, विद्यालय लगायत बन्द गरिएको छ । बन्दका कारण खाद्यान्नको मूल्य बढेको छ । दैनिक रोजगारी गरी जीविकोपार्जन गर्ने वर्ग भन्ने निकै मारमा परेका छन् । देश बाहिर रहेका नागरिकहरु नेपाल आउन सकेका छैनन् भने उनीहरु अलपत्र परेको सञ्चारमाध्यमबाट सूचना प्राप्त भएको छ ।

विश्वभर फैलिएको कोरोना भाइरस सङ्क्रमण नेपालमा पनि छिरेपछि पूरै मुलुक लकडाउन (बन्दाबन्दी) मा गएको छ । अहिलेसम्म पाँच जना कोराना भाइरस सङ्क्रमित भेटिँदा झन्डै साढे दुई करोड जनसंख्या घरभित्रै बस्न बाध्य छ । यस्तो अवस्थामा विदेशबाट गाउँ छिर्नेहरुका लागि क्वारेन्टाइन तयार गरिएका छन् । गाउँगाउँमा पहिलो काम जनप्रतिनिधि, स्वास्थकर्मी, सामाजसेवीको टोलीले गाउँमा माइकिङ गरेर नयाँ निर्णय र सूचना जानकारी गराउने, पर्चा

बाँड्ने, स्थानीय एमफम रेडियो मार्फत जानकारीमूलक संदेश प्रसारण गरिएको छ। स्थानीय तहबाटै महामारी रोकथामको लागि भनेर बजेट व्यवस्था भएको छ। स्थानीय तह कोरोना रोकथाम समिति बनाएर काम भइरहेको छ। गाउँपालिका र वार्डको समन्वयमा यी सबै काम भइरहेको र सबैमा एकरुपता ल्याउने प्रयास भइरहेको छ।

केन्द्रीय सरकारअन्तर्गत गृह मन्त्रालयले चैत १० गते कोरोना भाइरस रोकथामको लागि गाउँपालिका समन्वय समिति गठन गर्न निर्देशन दिएको थियो। सोही निर्देशन बमोजिम गाउँपालिकाको एक समिति र प्रत्येक वडामा एक एक समिति बनेका छन्। मुलुकभरका स्थानीय तह र जनप्रतिधीहरुले आ-आफ्नो क्षेत्रमा कोरोना भाइरस रोकथामका लागि विभिन्न प्रयास गरिरहेका छन्। कतिपय ठाउँमा लामो लकडाउनको अवस्थामा काम नपाएका मजदुरका लागि सहयोगका प्रयास भएका छन्। गण्डकी प्रदेशको पर्वत जिल्ला मोदी गाउँपालिकामा केही वडामा मजदुरका लागि कोषहरु स्थापना भएका छन्।

कोरोना भाइरसको सङ्क्रमण हुनबाट बचाउनका लागि लकडाउनका बेलामा सडकमा रहेका नागरिक तथा सुरक्षाकर्मी र गरिब मजदुरहरुलाई सामाजिक अभियन्ता र संघ संस्थाहरुले सहयोग गर्दै आएका छन्। असहाय संरक्षण मञ्च धनुषाले प्रहरीलाई मिनिरल बाटर, मास्क, ग्लोब्स लगायतको सामाग्री प्रदान गर्दै आएको छ। धनुषाको जनकपुरस्थित वैश्य कलवार समाजले गरिव, दीनदुःखी, मजदुरहरुको लागि निःशुल्क खाना खुवाउँदै आएको छ।

यो सङ्कटको अवस्था कहिलेसम्म होला आँकलन गर्नसक्ने अवस्था छैन। यही बाध्यतालाई बुझेर आफै सावधान बस्ने हो भने छिटो समस्या समाधान हुन सहयोग पुग्छ।

*२०७६ चैत १८ गते*


मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org